# भूकम्प पिडित सहयोग घुम्तिकोष संचालन कार्यनीति -२०७४

## आरुघाट गाउँपालिका

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७४/६/७

## पृष्ठभूमि :-

गोरखा जिल्ला आरुघाट गाउँपालिका द्वारा संचालित यस "भूकम्प पिडित सहयोग घुम्तिकोष" लाई ब्यबस्थित ढंगबाट संचालन गर्न निम्न कार्यनीति अबलम्बन गरिने छ। आरुघाट गाउँपालिका भित्रका भूकम्प पछि घर पुनर्निर्माण गर्न प्रथम किस्ताको रकम रु.५०,००० बुझी आर्थिक तथा मानवीय श्रोतको समस्याले गर्दा घर निर्माण सुरु गर्न नसकेका अति बिपन्न, दलित, अपाङ्ग असहाय एबम एकल महिला आदिलाई दोस्रो किस्ता बापतको रकम प्राप्त नहुदा सम्म सापटी स्वरुप गाउँपालिकाले रु.१,००,०००(एक लाख) रकम उपलब्ध गराउने र सो लाभाग्राहीले दोस्रो किस्ता पाप्त भएपछि भुक्तानी गर्ने गरी बिना ब्याज सहयोग गरिने छ।

## संक्षिप्त नाम र प्रारम्भ :-

यस कोषको नाम **"भूकम्प पिडित सहयोग घुम्तीकोष"** नामाकरण गरिएको छ। यो कार्यनीति २०७४/६/८ गते बाट लागु हुनेछ।

## उद्देश्य :-

मानव तथा आर्थिक श्रोत नभएका अति बिपन्न दलित,एकल महिला, असहाय/अपांग तथा संकटापन्न घरधुरीहरुलाई घर पुननिर्माण गर्न सहज बनाउन रकम सापटी दिने उद्देश्य रहेको छ।

## कोष संचालन कार्यनीति २०७४

१ यो कोषमा आरुघाट गाउँपालिकाबाट एकमुस्ट रु.१०,००,०००/- (दश लाख ) उपलब्ध गराइने छ।

२ यसको नियन्त्रण तथा रेखदेख गर्ने जिम्मेवारी आरुघाट गाउँपालिका संग र संचालन गर्ने जिम्मेवारी घुम्ती कोष उपसमितिको हुनेछ।

३ यो कोषको रकम उपलब्ध गराउन सम्बन्धित वडाका वडा अध्यक्षको सिफारिस आबश्यक पर्ने छ।

४ रकम माग गर्ने ब्यक्तिले घर बनाउन सुरु गरेको हुनु पर्ने छ।

५ घर भूकम्प प्रतिरोधी एबम मापदण्ड अनुसार बनाउनु पर्ने छ।

६ रकम प्राप्त गर्ने ब्यक्तिको दोस्रो किस्ता प्राप्त भएपछि यस कोषमा रकम फिर्ता गराउन सम्बन्धित वडा अध्यक्षको जिम्मेवारी हुनेछ।

७ यो घुम्तीकोष भएकाले पहिलो लाभग्राहीबाट फिर्ता आएको रकम अन्य ब्यक्तिलाई सापटी स्वरुप प्रदान गरिने छ।

८ यदि सापटी लिएको ब्याक्तिले दोश्रो किस्ता रकम प्राप्त भएपछि कोषमा रकम फिर्ता नगरेमा सम्बन्धित वडा अध्यक्षले तेस्श्रो किस्ताको लागि सिफारिस गरिने छैन।

९ यसरी कोषको रकम लिने लाभाग्राहिको खाताको दिश्रो किस्ता रकम झिक्दा वडा अध्यक्षको सिफारिस अनिबार्य गर्न बैंक संग समन्वय गरिनेछ।

१० कुनै कारणबस रकम फिर्ता नगरेमा वडा तथा गाउँपालिका बाट दिने सम्पूर्ण सेवा,सुबिधा, सिफारिस एबम अन्य कागजात रोक्का गरिनेछ।

११ लक्षित बर्गको घर बनिसकेपछि यस घुम्ती कोषको रकम आरुघाट गाउँपालिकाले तोकेको क्षेत्रमा परिचालन हुनेछ।

१२ यस कार्यनीतिको ब्याख्या र स्पष्टता पार्ने अधिकार गाउँ कार्यपालिकाको हुने छ।

१३ यस घुम्ती कोष संचालन सम्बन्धि नीति/नियम आबश्यकता अनुसार संसोधन एबम परिमार्जन गर्नेअधिकार गाउँकार्यपालिकामा हुनेछ।

प्रमाणीकरण गर्ने :

पूर्ण बहादुर दाहाल
अध्यक्ष